जि.प्र.का. सप्तरी द.नं. ११/०४८/०४९

# राजविराज दैनिक

स.नि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३३ अंक २० २०८० साल साउन २४ गते बुधबार (9 Aug. 2023 Wednesday) मूल्य रु. ५/-

**Log in : *rajbirajdainik.com.np***




*यस अंक भित्र :* २ पृष्ठमा : सामाजिक सञ्जाल व्यवस्थापनका ... ३ पृष्ठमा : मधेस प्रदेशमा घट्दैछ ... ३ पृष्ठमा भारत पाकिस्तानसँगको सम्बन्ध...

# भारी वर्षाले राम टोल र राजपुत टोलका २५ घर डुवानमा



**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**

मंगलबार भएको भारी वर्षाले सप्तरी जिल्लाको विभिन्न स्थानमा डुवान र कटानको समस्या उत्पन्न भएको छ ।

विहानैदेखि भएको भारी वर्षाले सप्तरीको तिलाठी कोईलाडी गाउँपालिका ३ सकरपुरास्थित राम टोल र राजपुत टोलका २५ घर डुवानमा परेको छ । तिलाठी कोइलाडी गाउँपालिका विपद व्यवस्थापन अधिकृत राजेश कुमार झाका अनुसार विहानैदेखि भइरहेको अविरल वर्षाले सकरपुराको राम टोल र राजपुत टोलका २५ घर डुवानमा परेका छन् ।

वस्तीमा २ फिट सम्म पानी जमेको छ । निरन्तरको वर्षाले केही तटवन्ध कटानको जोखिमा परेको उनको भनाई छ । पानी पसेका घरका सर्वसाधारण केही उच्चस्थानमा त कोही घर भित्रै खाटमा वसीरहेको राम वस्तीका रामसुन्दर मालीले सुनाए । उनका अनुसार वर्षाको पानी निकास हुन नसक्दा फुसका संरचना भएका ४ वटा घरमा क्षती पुगेको छ ।

यसैबीच तिलाठी कोइलाडी गाउँपालिकाका अध्यक्ष अरुण कुमार मण्डल, वडा अध्यक्ष रमेश मुखिया, विपद् व्यवस्थापन अधिकृत राजेश कुमार झा, सामाजिक विकास शाखाका किशोर कुमार झा सहितको टोलीले स्थलगत अवलोकन गरेका छन् । यस अघि मधेश प्रदेश सभाका सदस्य सतिशकुमार सिंहले समेत स्थलगत निरीक्षण गरेका थिए ।

यता अत्याधिक वर्षाका कारण वेल्हीस्थित राजविराज भन्सार कार्यालय, हटिया बजार, गजेन्द्रनारायण सिह अस्तपाल परिसर लगायतका विभिन्न स्थानमा पानी जमेको छ ।

यसअघि जिल्लामा पानी नपर्दा किसान मारमा परेकाले

*बाँकी अन्तिम पृष्ठमा*

# ९ किलो भन्दा बढी चाँदीसहित एक पक्राउ

**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**

राजबिराज नगरपालिका १५ देउरी भरुवास्थित प्रहरीको गस्ती टोलीले ९ किलो ६ सय ७० ग्राम चाँदी जस्तो देखिने धातुसहित एक जनालाई पक्राउ गरेको छ ।

पूर्वबाट पश्चिम तर्फ जाँदै गरेको प्रदेश १-०१-१३प.३४३० नं. को मोटरसाइकललाई रोकी चेक जाँच गर्ने क्रममा पाँचथर मिक्लाजुङ गाउँपालिका ४ बस्ने ३० वर्षिय सरोज गहतराजलाई प्रहरीले उक्त धातुसहित पक्राउ गरेको हो ।

मोटरसाईकल, चालक र बरामद धातुलाई प्रहरीले आवश्यक कारबाहीका लागी आन्तरिक राजस्व कार्यालय ईटहरी पठाएको प्रदेश प्रहरी कार्यालय जनकपुरधामले जनाएको छ ।

# अबिरल वर्षाका कारण काठमाडौँका विभिन्न क्षेत्र जलमग्न

काठमाडौँ, २३ साउन (रासस) ।

अविरल वर्षाका कारण काठमाडौँका विभिन्न क्षेत्रमा डुबान भएको छ । गए रातिदेखि परेको अविरल वर्षाका कारण यहाँका विभिन्न क्षेत्रमा डुबान हुनुका साथै जलमग्न भएको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ ।

भारी वर्षात्का कारण काठमाडौँ उपत्यकाका ढुङ्गेधारा क्षेत्र, गौरीघाट, गुह्येश्वरी, कपन, सामाखुसी, अनामनगरलगायतका क्षेत्र डुबानमा परेको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक दानबहादुर कार्कीले बताउनुभयो । उहाँले भन्नुभयो, "भारी वर्षाले काठमाडौँका विभिन्न क्षेत्र डुबानमा परेका छन्, डुबान भएका क्षेत्रमा हाम्रो प्रहरी टोली बिहानैदेखि खटिएको छ, सचेतनाका लागि बागमती र मनोहरा खोला आसपासको क्षेत्रमा नियमित पट्रोलिङ गर्ने र माइकिङ भइरहेको छ ।"

यसैगरी भारी वर्षाका कारणसडक, घर, विद्यालय क्षेत्र जलमग्न हुँदा जनजीवन प्रभावित भएको छ । काठमाडौँ उपत्यकाको बूढानीलकण्ठ, सुन्दरीजल, नगरकोट आसपासमा भारी वर्षा भएका कारण उपत्यका भएर बग्ने खोला तथा नदीमा पानीको बहाव बढेको प्रहरीले जनाएको छ । विष्णुमती, धोबीखोला, मनोहरालगायतमा जलसतह बढेकाले बिहान ११:०० बजेसम्म उच्च सतर्कता अपनाउन बाढी पूर्वानुमान महाशाखाले अनुरोध गरेको छ ।

बाढीकै कारण काठमाडौँको सामाखुसीको रेडन कलेज आसपासका बस्ती, कपनको निलो पुल र मुलपानी क्षेत्र डुबानमा परेको जिल्ला प्रहरी परिसर काठमाडौँले जनाएको छ । अबिरल वर्षाका कारण उपत्यकाका नदी अझै बढ्ने आकलन गरेर ठाउँ-ठाउँमा प्रहरी टोली परिचालन गरी सचेतना अपनाउन आम नागरिकलाई आग्रह गरिएको जिल्ला प्रहरी परिसर काठमाडौँका प्रमुख तथा प्रहरी वरिष्ठ उपरीक्षक कार्कीले जानकारी दिनुभयो ।

# कोशी पीडितको निर्णायक आन्दोलन स्थगित




**दैनिक समाचारदाता राजविराज, २३ साउन ।**

कोशी पीडितहरुले मंगलवारदेखि गर्ने भनेको निर्णायक आन्दोलन तत्कालका लागी स्थगित गरेको जनाएको छ ।

सप्तरी र सुनसरी सीमामा पर्ने कोशी व्यारेजमा जम्मा भएर आन्दोलन गर्ने भनी पूर्व घोषित कार्यक्रम अनुसार मंगलबार विहानै देखि परेको मुसलधारे वर्षाका कारण स्थगित भएको हो ।

निरन्तर वर्षाका कारण विभिन्न जिल्लाबाट आउने कोशी पीडितहरु बीच बाटो मै रोकिएकाले आन्दोलन स्थगित गर्नु परेको कोशी नदी डुवान पीडित संघर्ष समिती सप्तरी, सुनसरी र उदयपुरका संयोजक महिदेव चौधरीले जानकारी दिए ।

आन्दोलनको अर्को मिती भने मौसम सफा भएपछी बैठक वोलाएर घोषणा गरिने संघर्ष समितिका सह-संयोजक दुर्गानन्द चौधरीले जानकारी दिए । आन्दोलन अन्तर्गत धर्ना, सभा, आवागमन र कोशी क्षेत्रमा भइरहेको निर्माण कार्यमा अवरोध तथा रिले अनशन लगायतका कार्यक्रम तय गरिएको थियो ।

कार्यक्रम सफल बनाउन झण्डै ५ सय जना कोशी पीडित छाता र वरसाती ओढेर पनि कोशी व्यारेज पुगेका थिए । तर वर्षा रोकिने सम्भावना न देखिएपछी आन्दोलन स्थगित गर्नू परेको सह-संयोजक चौधरीले बताए ।

*बाँकी अन्तिम पृष्ठमा*

**बाढीपहिरोबाट जोगिऔं**

जथाभावी सडक निर्माण र वन विनाशले बाढीपहिरो निम्त्याउने हुँदा:

- वृक्षरोपण गरौं, वनजंगल जोगाऔं, बाढीपहिरो नियन्त्रण गरौं।
- पहिरोको जोखिम भएका क्षेत्र तथा नदी किनारमा रुख, बाँस, निगालोजस्ता भू-क्षय रोक्ने खालका बिरुवा रोपौं र संरक्षण गरौं।
- बस्ती तथा समुदायको रक्षा गरौं।
- बाढी आएको सूचना तल्लो तटीय क्षेत्रमा दिऔं।

बाढीपहिरोबाट आफू पनि बचौं अरुलाई पनि बचाऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

# नेपालमा बढी बाढी-पहिरो किन जान्छ, रोकथाम के ?

**प्रा.डा. खुमनारायण पौडेल**

हामीकहाँ हिमालय पर्वत बन्दा धेरै नै उथलपुथल भएर बनेका थिए । जहाँ ठूलो पानी पर्दा भासिने वा भूकम्प आउँदा बढी खलबल र क्षति हुने खतरा रहन्छ ।

हामीकहाँ अधिकांश नदी तथा खोला छेउका सम्म भूभाग पुराना पहिरोबाट बनेका हुन् । एकातिर, पहिरोबाट बनेको भूभाग भएकाले यी ठाउँ मलिलो हुन्छन्, अर्कोतिर सम्म पनि भएकाले मानिसले खेतीपातीका लागि बस्ती बसाउँछन् । हिजो पहिरोबाट बनेका ठाउँ फेरि कुनै बेला बग्न सक्छन् । खासगरी वर्षा, बाढी र भूकम्पले यस्ता ठाउँमा असर पुर्‍याउन सक्छन् ।

चार-पाँच वर्षअघि पोखराको अर्मलामा जमिन भासिएर ठूल्ठूला भ्वाङ परे । यो समस्या किन देखियो र कहाँ समस्या छ भनी अनुसन्धान गरिनुपर्छ । यस्ता ठाउँको भित्री संरचना कस्तो छ, त्यसमा पनि पहिरोको जोखिम निर्भर रहन्छ । यस्ता बस्तीमा राज्यले अध्ययन अनुसन्धान गर्न आवश्यक छ ।

**जथाभावी विकास निर्माणले जोखिम**

ठूल्ठूला राजमार्ग निर्माण वा ठूला योजनाका काममा हामीकहाँ भूगर्भविद्को संलग्नता रहन्छ, तर पछिल्लो समय स्थानीय स्तरमा बनेका अधिकांश सडक तथा विकास निर्माणमा भूगर्भविद्को उपस्थिति देखिँदैन । मनलागी विकास निर्माण भइरहेका छन् । भूगर्भविद्ले अध्ययन-अनुसन्धान गरी उनीहरूले बनाएको भौगर्भिक नक्सांकनका आधारमा भएको विकास निर्माण दीर्घकालीन हुन्छ । विकास निर्माणको मूलभूत सम्बन्ध ढुंगा र माटोसँग हुन्छ । त्यसमा आधारित विकास निर्माण नहुँदा जोखिमको सम्भावना रहन्छ । कुनै पनि विकास-निर्माण सुरु गर्नुअघि गरिने सर्वेक्षणमै भूगर्भविद् र सिभिल इन्जिनियर सँगसँगै चाहिन्छ ।

सडक बनाउँदा कि खन्नुपर्छ, कि खाडल भएका ठाउँमा पुर्नुपर्छ । कुनै पनि भूगोलको आफ्नो खालको भौगर्भिक अवस्था हुन्छ, माथि वा बीचबाट खनेपछि त्यहाँको चट्टान वा माटोको अवस्था खलबलिन पुग्छ र जमिने भासिने वा बग्ने सम्भावना रहन्छ । यस्तै कुनै ठाउँ पुर्दा अकासेपानी वा बाढीले पार्ने असरलाई पनि ख्याल गर्नुपर्ने हुन्छ । यसैले सुरुमै अनुसन्धान गरी सावधानी अपनाउनैपर्छ । भूगर्भविद्को अनुसन्धान र सल्लाहबाट काम हुँदा भूक्षयमा कम गर्न सकिन्छ ।

भूगर्भविद्ले विभिन्न आयाममा अध्ययन गर्छन् । कति ठाउँमा पानीको मूल रहेको हुन्छ वा पानी रसाइरहेको हुन्छ । यसको मतलब त्यहाँभित्र दरार ( फ्राक्चर) छन् । कुनै ठाउँमा भूमिगत पानी पनि हुन सक्छ । कुनै ठाउँमा पानीको मूल हुनु भनेको दरार पनि हुनु हो । यस्तो ठाउँमा विकास निर्माण गर्नुअघि ती दरारको अवस्थाबारे अनुसन्धान गरिनुपर्छ ।

अर्कोतिर, कुनै पनि भूगोलमा भेलपानी बग्ने प्राकृतिक बाटो हुन्छ । विकास निर्माण कार्यले त्यसमा फेरबदल पर्दा पानीले आफू बग्नका लागि बाटो आफैँ बनाउँछ । त्यस्तो अवस्थामा भेलपानी कुनै चरमा पस्यो भने पहिरोको सम्भावना बढ्ने हुन्छ ।

यस्तै, सदावहार पानी बगिरहने खोला वा नदीको पनि विगत र वर्तमान हेरिनुपर्छ । त्यो खोला पहिले अन्यत्रबाट बगेको पनि हुन सक्छ । जहाँ बगिरहेको छ, त्यहीँ पनि पहिले वर्षाका बेला पानी कति मात्रामा बगेको थियो, यसलाई ख्याल नगरी विकास निर्माण गर्दा बाढी-पहिरोको जोखिममा पर्न सक्ने सम्भावना रहन्छ । खोलाको वरिपरि पानीले आफ्नो निसान बनाएको हुन्छ । भूगर्भविद्ले अध्ययन गरी कहिले कहाँसम्म पानी बगेको थियो भनी पत्ता लगाउन सक्छन् ।

जस्तो : परार साल मेलम्चीमा पहिरो र लेदोसहितको बाढी आयो । किनभने, त्यहाँ हिमनदीले थुपारेको ढुंगामाटो रहेछ । बढी वर्षा हुँदा त्यो माटो गलेर बग्न थाल्यो । मेलम्ची खोलाको विगतको अध्ययन गरी बस्ती वा बजार बसाएको भए उत्रो क्षति बेहोर्नुपर्ने थिएन ।

तराईमा बस्ती बसाउँदा वा बस्ती भएका ठाउँमा त्यस नजिकका खोलाको विगत र वर्तमान अवस्थिति हेर्नुपर्ने हुन्छ । यसका लागि अहिले गुगल म्यामबाट पनि हेर्न सकिन्छ । पछिल्लो दुई-तीन सय वर्षमा कोशी नदी नै दुई-तीन सय मिटर पूर्वतिर सरेको स्याटलाइट इमेजहरूले देखाएका छन् ।

यी सम्पूर्ण भौगर्भिक अवस्थाको हामीकहाँ अध्ययन अनुसन्धान आवश्यक छ । यस कारण स्थानीय निकायमै अथवा उनीहरूको नजिकै भूगर्भविद् राखिनुपर्छ । यसका लागि प्रत्येक स्थानीय निकायले भूगर्भविद् राख्न नसके पनि प्रदेश सरकारका मन्त्रालयले जिल्ला-जिल्लामा भूगर्भविद्को व्यवस्था गर्न सक्छ ।

हाम्रा हरेक जिल्लामा आ-आफ्ना भौगर्भिक समस्या छन् किनभने हाम्रो भौगोलिक विशेषताको पनि विविधता छ । कम्तीमा जिल्लामा एउटा भूगर्भविद रहने व्यवस्था भए स्थानीय समस्या पहिचान हुन्छ । यसका लागि राज्य नै नीतिगत रूपमा अगाडि बढ्नुपर्छ । राज्यको नीति हुने हो भने जिल्लाहरूमा भूगर्भविद्को व्यवस्था गर्न त्यति समस्या हुँदैन । ( कुराकानीमा आधारित । पौडेल भूगर्भशास्त्र केन्द्रीय विभाग, त्रिविका विभागीय प्रमुख हुन् ।) रातोपाटीबाट

# सामाजिक सञ्जाल व्यवस्थापनका लागि सचेतना बढाउन जोड

भक्तपुर, २३ साउन (रासस) ।

प्रेस काउन्सिल नेपालले भक्तपुरमा दुई दिनसम्म आयोजना गरेको सम्पादक सम्वाद कार्यक्रमले पत्रकारितामा बढ्दो सामाजिक सञ्जाल दुरुपयोगको व्यवस्थापनका लागि सचेतना बढाउनुपर्ने निष्कर्ष निकालेको छ ।

मिडियामा सामाजिक सञ्जालको भूमिका, व्यवस्थापन र प्रभाववारे मङ्गलबार कार्यपत्र प्रस्तुत गर्दै सामाजिक सञ्जाल विज्ञ डा राजिव सुब्बाले सामाजिक सञ्जालको नियमनबारे राष्ट्रिय तथा अन्तरराष्ट्रिय अभ्यासका सम्बन्धमा जानकारी गराउनुभएको थियो ।

सामाजिक सञ्जालमा आउने नकारात्मक र द्वेषपूर्ण प्रचारलाई सञ्जालकै माध्यमबाट सुसूचीत गर्नुपर्ने बताउँदै डा सुब्बाले सामाजिक सञ्जाललाई नजर अन्दाज गर्नुभन्दा आत्मसात गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । सामाजिक सञ्जालको प्रयोग गरेर नै सेवा प्रवाहमा उल्लेख्य योगदान पुर्‍याउन सकिने उहाँको भनाइ थियो ।

काउन्सलिका अध्यक्ष बालकृष्ण बस्नेतले सामाजिक सञ्जालको रचनात्मक प्रयोग बढाउन आवश्यक रहेको बताउनुभयो । उहाँले पत्रकारिता र सामाजिक सञ्जालको प्रयोगलाई जोडेर काउन्सलिलले सचेतनामूलक कार्य गर्न र स्वनियमनका लागि आवश्यक काम गरी रहेको जानकारी दिनुभयो । “हामी निष्क्रिय बसेका छैनौं । यस कार्यक्रममा आएका सुझावबाट कसरी अगाडि बढ्न सकिन्छ सोहीअनुसार अगाडि बढ्नेछौं”, उहाँले भन्नुभयो ।

न्यूनतम पारिश्रमिक निर्धारण समितिका अध्यक्ष सङ्गीता खड्काले सामाजिक सञ्जालको प्रभाव मुलधारका सञ्जाल माध्यमभन्दा प्रभावशाली देखिन थालेकाले सामाजिक सञ्जाललाई जिम्मेवार र परिपक्क बनाउनुपर्ने बताउनुभयो ।

सूचना तथा प्रसारण विभागका महानिर्देशक शङ्कर नेपालले दर्ता नभएका सञ्चार माध्यम र सामाजिक सञ्जाललाई कार्यविधि बनाएरै भए पनि तत्कालको समस्या सम्बोधनका लागि गृहकार्य गरीरहेको जानकारी दिनुभयो । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव नेत्र सुवेदीले स्वनियमनलाई पहिलो प्राथमिकतामा राखी कानुनी व्यवस्थाका लागि मन्त्रालयले कार्यदल बनाइ काम गरेको उल्लेख गर्नुभयो । प्रेस काउन्सिलका मुख्य अधिकृत झविन्द्र भुसालले काउन्सिलले विगतदेखि हालसम्म गरेका कार्यक्रमका सुझावका आधारमा नै काम गरी रहेको बताउँदै यस सम्वादले थप कार्ययोजना बनाउन मार्गदर्शन गरेको उल्लेख गर्नुभयो ।

यसअघि सोमबार ‘न्यू मिडिया’ र पत्रकार आचारसंहिताका चुनौती विषयक सम्पादक सम्वाद कार्यक्रममा सञ्चार तथा सूचना प्रविधिमन्त्री रेखा शर्माको प्रमुख आतिथ्यतामा सम्पादकहरूले छलफल गर्नुभएको थियो । सोमबार र मङ्गलबार सञ्चालित कार्यक्रममा ५० भन्दा बढी सम्पादकको सहभागिता रहेको थियो । सम्पादकहरुले न्यू मिडियाका चुनौतीहरुका बारेमा आफ्ना भनाइ राख्नुभएको थियो ।


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569


# बाढी पहिरोमा परी दुई जनाको मृत्यु, पाँच बेपत्ता

काठमाडौं, २३ साउन (रासस) ।

सोमबार रातिदेखिको अविरल वर्षासँगै गएको बाढी पहिरोमा परी दुई जनाको मृत्यु भएको छ भने पाँच जना बेपत्ता भएका छन् । अविरल वर्षासँगैको बाढी पहिरोका कारण मकवानपुर जिल्ला बागमती गाउँपालिका-५ सिक्रेदोभान बस्ने ५५ वर्षीया सन्तमाया सेन्ताङ तथा सोही ठाउँका अर्का २२ वर्षीया शीला पहरीको मृत्यु हुनुका साथै पाँच जना बेपत्ता भएको गृह मन्त्रालयका प्रवक्ता तथा सहसचिव नारायणप्रसाद भट्टराईले राससलाई जानकारी दिनुभयो ।

उहाँका अनुसार बाढी पहिरोकै कारण हालसम्म कूल रु ११ लाख २५ हजार बराबरको क्षति भएको छ ।

देशभरका एक दर्जन जति स्थानमा पहिरो गई राजमार्ग अवरुद्ध भएको गृह मन्त्रालयले जनाएको छ । बाढी पहिरोको घटना तथा क्षति भएका विषयमा जानकारी आइरहेको र कतिपय ठाउँका मुख्य राजमार्ग पुनः सञ्चालनका लागि पहल भइरहेको प्रवक्ता तथा सहसचिव भट्टराइले बताउनुभयो ।

उहाँले भन्नुभयो, “बाढी पहिरोले क्षति भएका विषयमा जानकारी आउने क्रम जारी छ, अहिलेसम्म एक दर्जन राजमार्ग अवरुद्ध भएका छन्, कतिपय राजमार्ग खुलेका छन् । धेरै ठाउँमा डुबान भएको छ, कतिपय ठाउँमा अहिले पनि वर्षा जारी रहेकाले त्यहाँको थप विवरण सङ्कलन गर्ने कार्य जारी रहेको छ ।”

# मधेस प्रदेशमा घट्दैछ विद्युत् चुहावट

वीरगञ्ज, २३ साउन (रासस)।
कुनै बेला अत्यधिक विद्युत् चुहावट हुने मधेस प्रदेशमा पछिल्लो समय निरन्तर चुहावट घट्दै गएको छ। आर्थिक वर्ष २०७९/८० मा मात्रै करिब एक प्रतिशत विद्युत् चुहावट घटेको छ।

विद्युत् चुहावट नियन्त्रण अभियानअन्तर्गत हुकिङ नियन्त्रण, ग्राहकहरूको बिलिङ्गमा सुधार, लामो समयदेखि बन्द रहेको मिटर परिवर्तन र विद्युत् रिडिङ्गमा सुधारलगायत प्राधिकरणको प्रणाली सुदृढीकरण भएसँगै निरन्तर विद्युत् चुहावट घट्दै गएको हो।

यस प्रदेशमा गत आर्थिक वर्ष २०७७/७८ मा १६ दशमलव ५४ प्रतिशत विद्युत् चुहावट हुँदै आएकामा आर्थिक वर्ष २०७८/७९ मा १४ दशमलव १७ प्रतशत र आर्थिक वर्ष २०७९/८० मा १३ दशमलव ७९ प्रतिशतमा चुहावट झरेको जनकपुरधामस्थित विद्युत् प्राधिकरण मधेस प्रदेश प्रादेशिक कार्यालयले जनाएको छ।

विद्युत् चुहावटको दृष्टिकोणले सबैभन्दा बढी सर्लाहीको मलङ्गवा र सिमरौनगढ क्षेत्रमा ४१/४१ प्रतिशत, महोत्तरीको जलेश्वर, रौतहटको मौलापुर तथा गौर क्षेत्रमा ३५/३५ प्रतिशत विद्युत् चुहावट हुँदै आएको उक्त कार्यालयले जनाएको छ। औद्योगिक ग्राहक धेरै रहेकाले बाराको सिमरा वितरण केन्द्रको विद्युत् चुहावट भने शून्य दशमलव ३२ प्रतिशत रहेको त्यहाँ प्रमुख ई मुनिन्द्र ठाकुरले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७९/८० मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा छ हजार आठ सय ४८ ग्राहकमाथि कारबाही गर्दा रु पाँच करोड २१ लाख ९३ हजार सात सय ३७ महसुल सङ्कलन भएको थियो। अघिल्लो आर्थिक वर्ष २०७८/७९ मा विद्युत् चुहावट नियन्त्रण अभियानका क्रममा छ हजार नौ सय ६७ ग्राहकमाथि कारबाही गर्दा रु छ करोड ६४ लाख ३२ हजार आठ सय ५८ महसुल सङ्कलन भएको थियो। चुहावट नियन्त्रण अभियानका क्रममा हुकिङ गर्ने दुई हजार आठ सय ४८ जनालाई पक्राउ गरी कारबाही गरिएको थियो।

यस्तै लामो समयदेखि विद्युत् महसुल नतिर्ने २८ हजार नौ सय २३ जना ग्राहकको विद्युत् लाइन काटिँदा २४ हजार नौ सय ५५ ग्राहकले पुनः विद्युत् जडान गराएको र त्यसबाट रु ८५ करोड ३२ लाख ३१ हजार तीन सय ७० बक्यौता असुली भएको थियो। विद्युत् मिटर लिएर बिजुली उपभोग गर्ने तर लामो समयसम्म महसुल नबुझाउने प्रवृत्ति बढेकाले विद्युत् लाइन कट्टा गर्ने अभियान चलाई बक्यौता सङ्कलन गरिएको प्रमुख ई ठाकुरको भनाइ थियो।

आर्थिक वर्ष २०७९/८० मा मधेस प्रदेशमा रु १५ अर्ब ३३ करोड मूल्य बराबरको विद्युत् बिक्री हुँदा रु १३ अर्ब ९३ करोड महसुल सङ्कलन भएको जनाइएको छ। आर्थिक वर्ष २०७९/८० मा ६१ हजार सात सय ६३ नयाँ ग्राहक थपिएको छ। योसँगै मधेस प्रदेशमा ग्राहकको सङ्ख्या दश लाख ४४ हजार सात सय ८६ मध्ये ५७ प्रतिशत औद्योगिक र ३२ प्रतिशत गार्हस्थ्य ग्राहक, दुई प्रतिशत व्यापारिक र सात प्रतिशत अन्य रहेको जनाइएको छ।

यस्तै २०७८ सालदेखि अनलाइनबाट विद्युत् महसुल बुझाउने अनलाइन सेवा सुरु गरिएको र हाल २६ प्रतिशतले अनलाइन महसुल तिर्दै आएको प्रमुख ई ठाकुरले बताउनुभयो।

यस प्रदेशको शत्प्रतिशत गाउँ बस्तीमा विद्युत् सेवा पुगेको छ। प्रदेशका सबै टोल बस्तीमा विद्युत् सेवा पुगेसँगै मधेस प्रदेशलाई पूर्ण विद्युतीकरण प्रदेश घोषणाको तयारी भएको छ। " आर्थिक वर्ष २०७८/७९, सम्म मधेस प्रदेशका ९९ प्रतिशत बस्तीमा विद्युत् सेवा पुगेको थियो", प्रमुख ई. ठाकुरले भन्नुभयो, "विद्युतीकरण बाँकी रहेको एक प्रतिशत घरमा आर्थिक वर्ष २०७९/८० मा पुऱ्याएपछि प्रदेशका शत्प्रतिशत बस्तीमा विद्युतीकरण पुगेको छ।" "अब केही दिनभित्रै हामीले प्रदेशलाई शत्प्रतिशत विद्युतीकरण प्रदेश घोषणा गर्छौं", उहाँले भन्नुभयो। प्रदेशका सबै गाउँ बस्तीमा विद्युतीकरण सकिएपछि सिँचाइ कार्यक्रममार्फत किसानहरूको खेतबारीसम्म विद्युत् पुऱ्याउने अभियान सुरु गरिएको प्रमुख ई ठाकुरले बताउनुभयो।

प्राधिकरणले चालु आर्थिक वर्षदेखि रु ५५ करोड बराबरको सिँचाइ पूर्वाधार कार्यक्रमका लागि स्थानीय सरकारहरूसँग समेत सहकार्य गरेर सिँचाइ विद्युतीकरण सुरु गरेको छ। जसअन्तर्गत स्थानीय सरकारले आफ्ना पालिकाभित्रका किसानलाई निःशुल्क बत्ती दिने र सिँचाइ बत्ती महसुल बापतको रकम स्थानीय तहले प्राधिकरणलाई बुझाउनुपर्ने व्यवस्था छ।

हालसम्म सिँचाइ पूर्वाधार कार्यक्रमका लागि धनुषा, महोत्तरी, सर्लाही र रौतहट जिल्लाका ८० स्थानीय तहले निःशुल्क सिँचाइ बत्ती पुऱ्याउन निर्णय गरेर पठाएको र अन्य पालिकाहरूले समेत निर्णय गर्ने जानकारी गराएको उहाँले बताउनुभयो। सिँचाइ मिटर प्रयोग गर्ने किसानलाई प्रतियुनिट रु दुईका दरले मात्र महसुल तिराउने नीति लिएको विद्युत् प्राधिकरणले सिँचाइ विद्युतीकरण सुदृढीकरण कार्यक्रमका लागि रु पाँच अर्ब बजेट छुट्याएको जनाएको छ।

# राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गर्ने सरकारको निर्णय

काठमाडौँ, २३ साउन (रासस)।
सरकारले रु पाँच दरका १५ करोड थान सिक्का टकमरी गर्न नेपाल राष्ट्र बैंकलाई स्वीकृति दिने भएको छ। सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा मंगलबार बसेको मन्त्रिपरिषद्को बैठकले स्वीकृति दिने निर्णय गरेको हो।

त्यसैगरी बैठकले राष्ट्रिय साइबर सुरक्षा नीति, २०८० स्वीकृत गर्ने निर्णय गरेको सञ्चार तथा सूचना प्रविधिमन्त्री तथा सरकारका प्रवक्ता रेखा शर्माले जानकारी दिनुभयो। बैंकिङ कसुर तथा सजाय दोस्रो संशोधन विधेयक संसद्मा पेश गर्न स्वीकृति दिने सरकारको निर्णय छ।

## विभिन्न विपद्को समयमा सतर्क रहौं

### चट्याङको समयमा

१. बिजुली चम्केको बेला सतर्क रहने।
२. बिद्युतीय तरंग टिप्न सक्ने फलाम, चिसो बस्तु नछुने।
३. बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कने।
४. सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुख्खा ठाउँमा बस्ने।
५. खुला ठाउँमा भए कुनै घर अथवा भवनमा छिर्ने।
६. सकभर अग्लो स्थानमा बस्ने।
७. धातुको ह्याण्डल, चेन भएका ब्याग वा अन्य सामान प्रयोग नगर्ने।

### भुकम्पको समयमा

१. भुकम्प आएको बेला सतर्क रहने।
२. घरबाहिरको सुरक्षित स्थानमा पुग्न नभ्याइने हुनसक्छ। तुरुन्तै खाट, टेबुल, ढोकामुनी तथा घरभित्रकै अन्य सुरक्षित स्थानमा बस्ने।
३. अग्ला र कमजोर घर बिजुलीका खम्बा, ट्रान्सफर्मर, रुख तथा अन्य संरचनाहरु ढल्न सक्ने हुँदा त्यसबाट बच्ने।
४. भुईचालो थामिए पनि फेरि दोहरीन सक्ने हुँदा परिवारका सदस्य, मुल्यवान बस्तु संकटकालिन झोला आदी लिएर सुरक्षित स्थानमा निस्कने र उद्दार कार्यमा जुट्ने।
५. उपचारको व्यवस्था तत्कालिन राहत तथा उद्दार कार्यमा थप सहयोगका लागि भुईचालोबाट क्षतिको सम्बन्धीत निकायमा तुरुन्त खवर गर्ने।

### आगलागिको समयमा

१. आगलागिको बेला सतर्क रहने।
२ आगलागि नियन्त्रणको लागि घर बनाउँदा, बिद्युतीय वायरिङ गर्दा, भान्सा बनाउँदा, ग्यास, सलाई लाइटर चलाउँदा, चुरोट तान्दा, धुपबत्ति बाल्दा ध्यान पुऱ्याउने।
३. आगलागि नियन्त्रणको लागि चाहिने अग्निसमय Fire Extinguisher लगायतका आवश्यक संसाधनहरु तयारी अवस्थामा राख्ने।
४. भवन वा अन्य भौतिक संरचना निर्माणमा उपयुक्त स्थलगत योजना तयार गरी गुणस्तरीय निर्माण सामाग्रिको प्रयोग गर्ने।
५.आगलागिका सम्भावित क्षेत्रमा क्षति न्युनिकरण गर्नको लागि जोखिम क्षेत्रको नक्साङकन गरी सामाजिक जनचैतना अभिबृद्धि गर्ने।

**आकस्मिक सम्पर्क नम्बर : जिल्ला आपतकालिन कार्य संचालन केन्द्र सप्तरी -०३१५३३७६२**

**जनहीतका लागि जारि सन्देश : राजविराज दैनिक**

## विश्व समाचार

### 'भारत पाकिस्तानसँगको सम्बन्ध सामान्य बनाउन तत्पर छ'

नयाँदिल्ली, २३ साउन (रासस/एएनआई)।
भारतले पाकिस्तानसँगको सम्बन्धलाई सामान्य बनाउ तत्पर रहेको बताएको छ। आतङ्कवाद र हिंसामुक्त वातावरण बनेमा द्विपक्षीय मैत्रीमा विमति नहुने नयाँदिल्लीले स्पष्ट गरेको छ।

हालै इस्लामावादमा खनिज शिखर सम्मेलनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै पाकिस्तानका प्रधानमन्त्री शहबाज सरिफले राष्ट्र निर्माणका लागि आफू छिमेकीसँग वार्ता गर्न तयार रहेको बताएपछि त्यसको जवाफमा भारतले हिंसामुक्त वातावरण निर्माणमा जोड दिएको हो।

भारतको विदेश मन्त्रालय (एमईए)का प्रवक्ता अरिन्दम बागचीले भारत पाकिस्तानसँग मैत्रीपूर्ण सम्बन्ध चाहन्छ तर त्यस्तो सम्बन्धका लागि आतङ्कवाद र हिंसामुक्त वातावरण बन्नुपर्नेमा जोड दिनुभयो। उहाँले भन्नुभयो, "पाकिस्तानी प्रधानमन्त्रीको अभिव्यक्तिबारे हामी जानकार छौं यससम्बन्धमा भारतको स्पष्ट र सुसङ्गत अडान सबैलाई अवगत छ, हामी पाकिस्तानसहित हाम्रा सबै छिमेकी देशसँग सामान्य सम्बन्ध कायम गर्न चाहन्छौं तर त्यसका लागि आतङ्क र शत्रुतामुक्त वातावरण अपरिहार्य छ।"

सन् १९४७ मा स्वतन्त्र भएदेखि नै दुई देशबीचको तनावपूर्ण सम्बन्धको इतिहास भए पनि पाकिस्तानी प्रधानमन्त्री सरिफले राष्ट्रले झेल्नुपरेको आर्थिक कठिनाइलगायत समस्या सामना गर्न भारतसँगको वार्तालाई जोड दिनुभएको हो। गरिबी, बेरोजगारी, वित्त, शिक्षा, स्वास्थ्य र जनकल्याणका निम्ति आवश्यक स्रोतको अभावमा छिमेकीसँग सधैं वैरभावका साथ बस्ननहुने निष्कर्षका साथ उहाँले वार्ता गर्न आफू नेतृत्वको सरकार तत्पर रहेको बताउनुभएको हो।

"हाम्रा छिमेकीसँग हामी वार्ता गर्न तयार छौं, यदि छिमेकी गम्भीर विषयमा टेबलमा बस्न राजी भएमा त्यो असम्भव छैन। पाकिस्तान एक आणविक शक्ति हो यसलाई हामीले आक्रमणका लागि नभई आफ्नो रक्षाका लागि विकास गरेका हौं," बितेका ७५ वर्षमा तीनवटा युद्ध लडेको देशका प्रधानमन्त्रीले भारतसँग सबै समस्याको समाधान छलफल र सम्वादका माध्यमबाट खोज्नुपर्ने उल्लेख गर्दै भन्नुभयो।

आणविक होडबाजीको सट्टा आर्थिक प्रतिस्पर्धा गर्नु दुवै देशका निम्ति श्रेयस्कर हुने तर्क गर्दै प्रधानमन्त्री सरिफले आपसी चासो र विवादका विषयको निरुपण शान्तिपूर्ण छलफलबाट नगरेसम्म दुवै देश सामान्य छिमेकी हुन नसक्ने उहाँले बताउनुभयो। यसअघि पनि पाकिस्तानी प्रधानमन्त्रीले भारतसँग वार्ता गर्न आफ्नो सरकार इच्छुक रहेको जनउँदै 'कसैका विरुद्धमा कोही' नभएको बताउनुभएको थियो।

पाकिस्तानको स्थापना भएदेखि नै दुई देशबीचको सम्बन्ध कहिल्यै पनि सामान्य हुन सकेको छैन। भारतले पाकिस्तानमाथि सधैं सीमापार आतङ्कवादलाई प्रश्रय दिएको आरोप लगाउँदै आतङ्कवादका बीचमा वार्तालाई निरन्तरता दिन नसकिने अडान दोहोऱ्याउँदै आएको छ।

सन् २०१९ को अगस्ट ४ मा जम्मूकश्मीरको विशेष दर्जा खारेज गरी त्यसलाई (जम्मुकश्मिर र लद्दाख) दुई केन्द्र शासित प्रदेशमा विभाजन गर्ने भारत सरकारको निर्णयको विरोधमा इमरान खान नेतृत्वको सरकारले पाकिस्तानका लागि भारतका राजदूतलाई निष्कासन गरेको थियो। उक्त कारबाहीसँगै द्विपक्षीय व्यापार पनि अवरुद्ध भएको छ।

### प्रचण्ड गर्मीले अमेरिकाका पाँच काउन्टीमा एक सय सतचालिस जनाको मृत्यु

वासिङ्टन, २३ साउन (रासस/एएनआई)।
अमेरिकामा प्रचण्ड गर्मीका कारण पाँचवटा काउन्टीमा कम्तीमा एक सय ४७ जनाको ज्यान गएको छ। यो विज्ञहरूले अनुमान गरेभन्दा निकै कम भएको केबल न्युज नेटवर्क (सिएनएन) ले जनाएको छ।

मृत्युको रिपोर्ट तीन राज्यमा भएको छ जुन सबैभन्दा खराब पीडित छ। यसै महिनाको प्रारम्भमा एरिजोनाको पिमा काउन्टीमा ६४ र म्यारीकोपामा ३९ जना, नेभाडाको क्लार्क काउन्टीमा २६ जना, टेक्सासको वेबमा ११ र ह्यारिस काउन्टीमा सात जनाको ज्यान गएको उनीहरूले बताएका छन्।

जुनको अन्तिम साताादेखि बढेको गर्मी अझैसम्म जारी नै छ। जुन र जुलाई महिनमा लगातार ३१ दिन एक सय १० डिग्री फरेनहाइटभन्दा माथि तापक्रम पुगेपछि जनजीवन अस्तव्यस्त भएको थियो।

आँधी र बाढीमा भन्दा गर्मीले ज्यान गुमाउनेको सङ्ख्या अधिक भएकामा विज्ञहरूले चिन्ता व्यक्त गरेका छन्। जलवायु सङ्कटले यस्तो अवस्था निम्त्याएको उनीहरूको तर्क छ। हार्वर्ड विश्वविद्यालयका चिकित्सक डेभिड एस जोन्स देशभरिबाट सङ्कलन गरिएको मृत्युको विवरण कम भएको टिप्पणी गर्दै उनले गणनालाई रहस्यमय भनेका छन्।

# सरकार र गौर हत्याकाण्ड पीडितबीच सहमति, आन्दोलन स्थगित



काठमाडौँ, २३ साउन (रासस) । सरकार र गौर हत्याकाण्डका पीडित सङ्घर्ष समितिबीच पाँचबुँदे सहमति भएको छ । गौर हत्याकाण्डको छानबिन र कारवाहीको मागसहित आन्दोलनरत समितिले सहमतिसँगै आन्दोलनका कार्यक्रम स्थगित गरेको गृह मन्त्रालयका सहसचिव एवं प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो ।

सङ्घर्ष समितिका अध्यक्ष रुपसागर देवी उपाध्याय र गृह मन्त्रालयबीच मंगलबार पाँच बुँदे सहमति भएको हो । मन्त्रालयका तर्फबाट सहसचिव एवं प्रवक्ता भट्टराई र सङ्घर्ष समितिका अध्यक्ष उपाध्यायले सहमतिपत्रमा हस्ताक्षर गर्नुभएको छ ।

सहमतिपत्रमा अनुसार गौर घटनाको विषयमा दर्ता भएको जाहेरी समेतलाई छानबिन र अनुसन्धान गरी तथ्य र प्रमाणको आधारमा दोषीलाई कारबाहीको प्रक्रिया अघि बढाउने भनिएको छ । यस्तै, उक्त घटनामा मृत्युवरण गरेर सहिद घोषणा गरिएका व्यक्तिको विवरण नेपाल राजपत्रमा प्रकाशन गर्ने र छुटेकालाई सहिद घोषणा गर्ने प्रक्रिया अघि बढाउने सहमति भएको छ ।

रौतहट जिल्लामा सहिद स्मारकस्तम्भ निर्माणको प्रक्रिया चालु आर्थिक वर्षमा अघि बढाउने, घाइते भएका उपचाररत व्यक्तिलाई उपचारको लागि उचित प्रबन्ध तथा आर्थिक सहायता उपलब्ध गराउनेमा सहमति भएको हो ।

# सङ्घीय निजामती ऐन छिट्टै ‘क्याबिनेट’ मा : मन्त्री मोदी

काठमाडौँ, २३ साउन (रासस) । सङ्घीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले सङ्घीय प्रशासनलाई बलियो बनाउन सरकारले सङ्घीय निजामती ऐन संसद्मा पेस गर्ने बताउनुभएको छ । “सरोकारवालासँग छलफल गरेर ऐनको मस्यौदा तयार गरिएको छ”, उहाँले भन्नुभयो, “आजै नभए अर्को दिनको ‘क्याबिनेट’मा जान्छ ।”

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रम (पिएलजिएसपी) ले मंगलबार यहाँ आयोजना गरेको ‘अन्तर सरकार सम्बन्ध सुदृढीकरणमा सञ्चारजगत्को भूमिका’ विषयक अन्तरक्रियामा उहाँले ऐनले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा देखिएका समस्या समाधान गरिने जिकिर गर्नुभयो ।

प्रशासनिक सुधार कायम गर्न कर्मचारी दरबन्दीअनुसारको कार्यालयमा हाजिर हुनुपर्ने व्यवस्था गरिएको जनाउँदै उहाँले दुर्गममा सेवा गरेका कर्मचारीलाई सुगममा सरुवा गर्न लागिएको बताउनुभयो । “मन्त्रालयले दुर्गममा रहेर अवसर नपाएका कर्मचारीलाई रोजेको ठाउँमा सरुवाका लागि निवेदन माग गरेकोछ”मपी , मन्त्री मोदीले भन्नुभयो, “लामो समय सुगममा बसेका कर्मचारी पनि दुर्गममा पनि जानुपर्छ, दुर्गम पनि नेपाल हो भन्ने कर्मचारीले बुझ्नुपर्छ ।”

लामो समय निमित्तका भरमा चलेका स्थानीय तहमा प्रमुख प्रशासकीय अधिकृत खटाइएको जानकारी दिँदै उहाँले काठमाडौँमा ‘अखडा’ जमाएर बसेका कर्मचारीलाई उपत्यकाबाहिर पठाइएको बताउनुभयो । मन्त्री मोदीले राजनीतिक तथा प्रशासनिक हस्तक्षेप र दबाब खेपेर पनि आफूले प्रशासनिक सुधारको थालनी गरेको उल्लेख गर्नुभयो ।

प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमका राष्ट्रिय कार्यक्रम व्यवस्थापक भूपेन्द्र सापकोटाले अन्तरसरकार सम्बन्ध सुदृढीकरणको लागि मन्त्रालयले विभिन्न कार्यक्रम गर्दै आएको बताउनुभयो । प्रदेश र स्थानीय तहको सम्बन्ध सुदृढीकरणमा सञ्चारकर्मीको महत्वपूर्ण भूमिका रहेको उल्लेख गर्दै उहाँले प्रशासनिक सङ्घीयता कार्यान्वयनमा देखिएको चुनौती समाधान गर्न सञ्चार क्षेत्रको सहयोग आवश्यक रहेको बताउनुभयो ।

### *भारी वर्षाले ...*

सुख्खाक्षेत्र घोषणा गर्नु पर्ने माग गर्दै केही दिन यता दिनहुजसो विभिन्न राजनीतिक दलबाट प्रमुख जिल्ला अधिकारी मार्फत सम्बन्धित माथिल्लो निकायमा ज्ञापन पत्र बुझाउने काम भईरहेको छ ।

मंगलवार पनि नेकपा एमाले सप्तरीले सुख्खाग्रस्त क्षेत्र घोषणाको माग गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रदेश र संघिय सरकारलाई ज्ञापन पत्र पठाएका छन् । तर सोही समय भएको भारी वर्षाले तिलाठीका २५ घर डुवानमा परेको खबर आएपछि सुख्खाग्रस्त क्षेत्र घोषणको माग गर्दै ज्ञापन पत्र बुझाउन पुगेका एमालेका नेताहरु अलमलमा परेका थिए ।

### *कोशी पीडितको ...*

मुआब्जाको आशमा विगत ६९ वर्ष देखी संघर्षरत कोशी पीडितले यस पल्टको आन्दोलनलाई “निर्णायक”भन्दै व्यापक प्रचार प्रसार र तयारी गरेका थिए । मंगलवार देखी शूरु गरिने धर्ना, प्रर्दशन, विरोध सभा, चक्काजाम तथा कोशी क्षेत्रमा भईरहेको निर्माण कार्य अवरुद्ध गर्ने लगायतका आन्दोलन कार्यक्रम सफल बनाउन करिब ५ सयको संख्यामा कोशी पीडित कोशी व्यारेज पुगी सकेका थिए । धर्नास्थलमा टेन्ट र पण्डाल लगाउन थालेको बेला सूरु भएको वर्षा लगातार जारी रहदा तयारी प्रभावित भएको र आन्दोलन स्थागित गर्नु परेको संघर्ष समितीका कोषाध्यक्ष काशिम अन्सारीले सुनाए ।

कोशी नदी डुवान कटान पीडित संघर्ष समितीले दुई साता अघि पत्रकार सम्मेलनको आयोजना गरी साउन २३ गते देखि “निर्णायक आन्दोलन” गर्ने घोषणा गरेका थिए । सोही अनुसार आन्दोलनका लागी सप्तरी, उदयपुर र सुनसरी जिल्लाका कोशी पीडितहरु मंगलवार कोशी व्यारेजमा भेला भई अनिश्चित कालिन धर्ना, रिले अनशन, चक्काजाम र सभाको आयोजना गर्ने तयारीमा थिए । तर मौसमले साथ नदिएपछी तयारीमा धक्का पुगेको कोशी पीडितहरुले पीडा पोखे ।

कोशी सम्झौता हुदा भारतीय पक्षले डुबान क्षेत्रको मुआब्जा दिने नेपाल सरकार संग सम्झौता गरे पनि हालसम्म नदिएको तथा सम्झौता कार्यान्वयनका लागी नेपाल सरकारले पनि ठोस पहल नगरेको कोशी पीडितहरुको कथन छ ।

वि.स.२०११ सालमा नेपाल-भारतबीच भएको कोशी सम्झौता अनुसार कोशी योजना अन्तर्गत परेको जग्गाको मुआब्जा तथा क्षति भएको बालीनालीको क्षतिपुर्ती भारत सरकारले दिनु पर्ने उल्लेख छ ।

# अस्पताल आउने ५० प्रतिशत बिरामीमा आँखा पाक्ने समस्या : नेपाल नेत्रज्योति संघ

काठमाडौँ, २३ साउन (रासस) । पछिल्लो समय देशैभरि आँखापाक्ने समस्या ( कन्जंक्टिभाइटिस) फैलिएको छ । देशैभरका अधिकांश आँखा अस्पतालमा आँखा पाक्ने रोगका बिरामीहरू चाप बढिरहेको छ ।

अहिले आँखा जाँच गराउन आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामीमा आँखा पाक्ने समस्या देखिएको हो । आँखा अस्पतालहरूमा आउने बिरामीमध्ये सरदर ५० प्रतिशत बिरामीमा कन्जंक्टिभाइटिसको समस्या देखिएको नेपाल नेत्रज्योति सङ्घका कार्यकारी निर्देशक डा शैलेशकुमार मिश्रले बताउनुभयो ।

“सुरुआतमा भारतको सीमावर्ती क्षेत्रहरूमा मात्र कन्जंक्टिभाइटिसको समस्या देखिएको थियो । अहिले देशैभरि यो समस्या फैलिरहेको छ, हाम्रो नेटवर्कका सबै अस्तालहरूको सोमबारसम्मको डाटा हेर्ने हो भने दैनिक आँखा जाँच गराउने बिरामीमध्ये ५० प्रतिशतमा कन्जंक्टिभाइटिसको समस्या देखिएको छ”, उहाँले भन्नुभयो ।

सङ्घको तथ्याङ्कअनुसार अहिले दैनिक आँखाजाँच गराउन आउने बिरामीमध्ये दाङको राप्ती आँखा अस्पताल र लमही आँखा अस्पतालमा मात्रै करिब ८० प्रतिशत बिरामी आँखा पाक्ने समस्या लिएर आउने गरेका छन् । सङ्घका महासचिव भरतबहादुर चन्दले देशैभर कन्जंक्टिवाइटिसको प्रकोप बढिरहेकाले यसमा केन्द्रित भएर सेवा प्रवाह गर्न सङ्घअन्तर्गतका अस्पताल तथा उपचार केन्द्रहरूलाई निर्देशन जारी गरेको समेत जनाकारी दिनुभयो ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले समेत देशका विभिन्न जिल्लामा भाइरल कन्जंक्टिभाइटिस देखिएकोले सतर्क रहन सुझाव दिनुभयो ।

मन्त्रालयका सहप्रवक्ता डा समीर अधिकारीले भाइरल कन्जंक्टिभाइटिस रोग घरमै स्याहार गरे एकदेखि दुई हप्तामा आफैं निको हुने हुँदा स्वास्थ्यकर्मीको सल्लाह बिना जथाभावी औषधि प्रयोग नगर्न सुझाव दिनुभयो । दृष्टि कम हुनेलगायतका आँखासम्बन्धी समस्या बढेमा उपचारका लागि तुरुन्त स्वास्थ्य संस्था सम्पर्क गर्नुपर्ने चिकित्सकहरूले बताए ।

चिकित्सकका अनुसार भाइरल कन्जंक्टिभाइटिसले आँखा रातो हुने, चिलाउने, आँसु बगिरहने वा कचेरा/चिप्रा लाग्ने, आँखाको ढकनी रातो हुने, सुन्निने, आँखा बिझाउने / दुख्ने र घाममा वा उज्यालोमा हेर्न गाह्रो हुने लक्षण देखिन्छ । हरेक बर्ष बर्खाको समयमा आँखा पाक्ने समस्या देखिने गरेको भए तापनि यो पटक भने यो समस्या प्रकोपकै रूपमा फैलिरहेको छ ।

“भाइरल कन्जंक्टिभाइटिस सजिलै एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्छ । त्यसैले रोकथामका भनेको सङ्क्रमित व्यक्तिसँग सम्पर्कमा नजाने र सङ्क्रमित व्यक्ति भीडभाडबाट बच्नुपर्छ ।”

यस्तै सङ्क्रमित व्यक्तिले प्रयोग गरेका सामान जस्तै टावेल, रुमाल, सिरानी, तन्ना प्रयोग नगर्ने जथाभावी आँखा नछुने र आँखा छुनु परेमा छुनुअघि वा छोइसके पछि साबुनपानीले मिचीमिची राम्रोसँग हात धुनपर्छ ।

नेपाल नेत्रज्योति सङ्घको लुम्बिनी नेत्र विज्ञान अध्ययन संस्थानका मेडिकल डाइरेक्टर प्राडा ज्ञानेन्द्र लामिछानेले भन्नभयो, “यो एडिनो भाइरसका कारण लाग्ने रोग हो, यस्ता समस्या देखिएका बिरामीहरूले नआत्तिई सावधानी अपनाउनुपर्छ । यस्ता बिरामीको आँखामा हेर्दैमा सर्दैन, बिरामीको आँखाबाट आएको आँसु मिसिएको वस्तु तथा सामानहरूको प्रयोगबाट मात्र यो रोग सर्नेसक्छ ।”


**डा. कालीप्रसाद यादव**
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
**कन्सलटेन्ट फिजिसियन**
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज

**डा. रिपला आचार्य**
MBBS, MD (BPKIHS) NMC NO. 19992
**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



**बाढी/पहिरोबाट सतर्क रहौं ।**

- गाउँघरका माथिल्लो भागमा कुलो बनाई पानीको उचित निकास दिऔं
- जमिन चिरा परेको देखिएकामा पानी नछिर्ने गरी टालौं ।
- घरभित्र वा वरिपरिको जमिन चिरा परेको भए सुरक्षित स्थानमा बसौं ।
- नदी वा खोलामा बाढी आएमा तल्लो भागमा बस्ने जनसमुदायलाई सूचना दिऔं ।
- भुकम्पले चिरा पारेको छ भने त्यस्तो स्थानलाई टालौं र सजगता अपनाऔं ।
- भौगोलिक अवस्था बिचार गरेर मात्र बाटो, कुलो वा नहर जस्ता संरचना बनाऔं । भु–क्षयबाट बचौं र बचाऔं ।

**जनहीतका लागि : राजविराज दैनिक**


**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेबसाइट** : *rajbirajdainik.com.np*